

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



कुनै पनि स्वास्थ्य समस्या भएमा नजीकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ जेठ २० गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 June 03 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २७५


## पर्सामा निषेधाज्ञा छैटौंपटक बढाइयो



तस्वीरः प्रतीक

प्रस, वीरगंज, १९ जेठ/

पर्सा जिल्लामा निषेधाज्ञा छैटौंपटक बढाएर जेठ ३० गतेसम्म लम्ब्याइएको छ।

बुधवार बसेको कोभिड सङ्कट व्यवस्थापन केन्द्र, पर्साको बैठकले निषेधाज्ञा अवधि अझै दश दिन बढाउन सिफारिश गरे अनुसार जिल्ला प्रशासन कार्यालय, पर्साका प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरेले निषेधाज्ञा अवधि बढाएका हुन्।

वैशाख १६ गते बिहान ४ बजेदेखि शुरू भएको निषेधाज्ञा पटक-पटक गरी लम्ब्याउँदै जेठ ३० गतेसम्म पुऱ्याइएको छ । यसअघि, पाँचौंपटक निषेधाज्ञा बढाउँदै जेठ २० गते राति १२ बजेसम्म अवधि तोकिएको थियो ।

कोभिड सङ्कट व्यवस्थापन केन्द्र पर्साका सदस्य एवं नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीले अस्पतालमा १५० जना सङ्क्रमित भर्ना भएको र जिल्लाभरि कुल १ हजार सक्रिय सङ्क्रमित रहेको कारण निषेधाज्ञा अवधि बढाइएको बताए। उनले अस्पतालहरूमा सङ्क्रमित सङ्ख्या ५० मा झरेपछि निषेधाज्ञा हटाउन सकिने बताए।

आज सम्पन्न बैठकले खाद्यान्न पसलहरू बिहान १० बजेसम्म सञ्चालन गर्न पाउने निर्णय गरेको छ। यसअघि बिहान ८ बजेसम्म मात्र सो पसलहरू सञ्चालन गर्न दिने निर्णय भएको थियो।

बैठकले दोस्रो लहरको कोरोना नियन्त्रण, रोकथाम तथा व्यवस्थापनको लागि शव व्यवस्थापनमा रु ३ लाख ७१ हजार, क्वारेन्टाइन/होल्डिङ सेन्टर व्यवस्थापनमा रु ७६ हजार, अनुगमन, कन्टयाक्ट ट्रेसिङ, सवारीसाधन इन्धनमा रु २ लाख ८ हजार जेठ १९ गतेसम्म भएको खर्च अनुमोदन गरेको छ।

## रौतहट र सर्लाहीमा पनि निषेधाज्ञा

प्रस, रौतहट, १९ जेठ/

जिल्ला प्रशासन कार्यालय, रौतहटले जेठ २६ गते रातिसम्म निषेधाज्ञा जारी गरेको छ। बुधवार सूचना जारी गरी जेठ २६ गते राति १२ बजेसम्मको लागि निषेधाज्ञा जारी गरेको हो।

रौतहटका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जिल्लामा निषेधाज्ञाले कोरोना सङ्क्रमणको दर घटेकोले निषेधाज्ञालाई निरन्तरता दिएको बताए।

**सर्लाहीमा २५ गतेसम्म निषेधाज्ञा**

प्रस, सर्लाही/

जिल्ला प्रशासन कार्यालय, सर्लाहीले जिल्लामा जेठ २५ गतेसम्मको लागि निषेधाज्ञा थप गरेको छ।

प्रमुख जिल्ला अधिकारी हेमराज तामाङले सोमवार चौथोपटक निषेधाज्ञाको समयावधि थप गरेका हुन्।

जिल्लामा कोरोना सङ्क्रमण बढ्न थालेपछि कोभिड सङ्कट व्यवस्थापन केन्द्रले प्रमुख जिल्ला अधिकारीलाई निषेधाज्ञाको समय थप गर्न सिफारिश गर्ने निर्णय गरेपछि जिल्ला प्रशासन कार्यालय, सर्लाहीले निषेधाज्ञा लम्ब्याएको हो। जस अनुसार निषेधाज्ञा जेठ २५ गते राति १२ बजेसम्म पुऱ्याइएको छ। स्थानीय प्रशासनले जारी गरेको कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश-२०७८ बमोजिम निषेधाज्ञामा थप कडाइ गर्ने जनाएको छ। निषेधाज्ञा उल्लङ्घन गर्नेलाई कारबाई गर्न सुरक्षाकर्मीलाई निर्देशन दिइएको छ।

निषेधाज्ञा उल्लङ्घन गर्नेलाई एक वर्ष कैद वा रु ५ लाख जरिवाना वा दुवै सजाय गर्ने प्रमुख जिल्ला अधिकारी तामाङले बताएका छन्।

### ५३१६ जना सङ्क्रमित

प्रस, वीरगंज, १९ जेठ/

नेपालमा बुधवार ५ हजार ३१६ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार देशभरका प्रयोगशालामा १३ हजार ८०५ जनाको पिसिआर र ३ हजार ७३ जनाको एन्टिजेन विधिबाट गरिएको परीक्षणमा कुल ५ हजार ३१६ जना कोरोना सङ्क्रमित थपिएका हुन्।

## छोटकरी

### दुर्घटनामा एकजनाको मृत्यु

प्रस, सिम्रौनगढ, १९ जेठ/

सिम्रौनगढ नगरपालिकामा गएराति मोटरसाइकल दुर्घटना हुँदा एकजना युवकको मृत्यु भएको छ। पचरौता नगरपालिका-३ का २६ वर्षीय प्रदीप साह कलवारको सिम्रौनगढ नपा-९ बसवरियास्थित नहरमा मोटरसाइकल दुर्घटनामा मृत्यु भएको हो।

भारत, मोतीहारी थाना निवासी गगन महतो नुनिया चढेको बिआर ०५ वाई ५५७८ नम्बरको मोटरसाइकल र कलवार चढेको बिआर ०५ एल ७०८३ नम्बरको मोटरसाइकल एकापसमा ठोक्किंदा कलवारको मृत्यु भएको बारा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक गौतम मिश्रले बताए। कलवारको कलैया अस्पतालमा उपचारको क्रममा मृत्यु भएको थियो। अर्का मोटरसाइकल चालक २३ वर्षीय नुनिया घाइते छन्। उनको सिम्रौनगढस्थित कङ्काली पोलिक्लिनिकमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

## ओरिया खोलाबाट बालुवाको तस्करी



ओरिया खोलाबाट बालुवा उत्खनन गरी लैजाँदै। तस्वीरः प्रतीक

प्रस, पंचगावाँ, १९ जेठ/

जीराभवानी गाउँपालिका-१ महादेवपट्टिस्थित ओरिया खोलाबाट बालुवा तस्करी भइरहेको छ।

ठेक्का नलागेको यो खोलाबाट अहिले अवैध उत्खनन भइरहेको स्थानीयले बताए। स्थानीय प्रहरीको मिलेमतोमा सो कार्य भइरहेको बताइएको छ। खोलानजीकै प्रहरी चौकी महादेवपट्टि, सेढवा र सशस्त्र प्रहरी बेस क्याम्प छ तर खोलाबाट बिहान-बेलुका, दिउँसो बालुवाको अवैध उत्खनन गरी टयाक्टरबाट ढुवानी हुँदा पनि यी कार्यालयले चासो राख्दैनन्। स्थानीयले यसबारेमा जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रमुखलाई अवगत गराएका भएपनि त्यहाँबाट पनि कुनै पहल नभएको भन्दै गुनासो गरेका छन्।

## महानगरमा पनि सामाजिक सुरक्षा भत्ता वितरण प्रभावित

प्रस, वीरगंज, १९ जेठ/

निषेधाज्ञाको कारण वीरगंज महानगरपालिकामा पनि सामाजिक सुरक्षा भत्ता वितरण कार्य प्रभावित भएको छ।



तस्वीरः फाइल/प्रतीक

निरन्तर निषेधाज्ञा जारी भइरहेको कारण बैंकहरूले सामाजिक सुरक्षा भत्ता वितरणमा चासो देखाएका छैनन्। वीरगंज महानगरपालिकाले १० दिनअगावै सामाजिक सुरक्षाबापतको रकम तोकिएको बैंकको खातामा पठाइसकेको छ। तर बैंकहरूले भने जनशक्ति कम भएको भन्दै सामाजिक सुरक्षा भत्ता पाउने खातावालको खातामा रकम दाखिला गरेको छैन। जसले गर्दा अहिले वितरण प्रणाली रोकिएको छ।

वीरगंज महानगरपालिकामा १२ हजारभन्दा बढीलाई सामाजिक सुरक्षा भत्ता वितरण गरिन्छ। महानगरका पुराना वडाहरूमा नेपाल बैंक लिमिटेड, लक्ष्मी बैंक र कृषि विकास बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण हुँदै आएको छ। नेपाल बैंक लि., सिटी अफिसले सामाजिक सुरक्षा भत्ता खातामा दाखिला नभएको कारण वितरण हुन नसकेको जनाएको छ। जनशक्ति अभावले खातामा रकम दाखिला हुन नसकेको सो बैंकले जनाएको छ। निषेधाज्ञा भएपनि सामाजिक सुरक्षा भत्ता बैंकमा आएको भनेर दिनहुँ बैंक धाउने वृद्धवृद्धा, अपाङ्ग, एकल महिलाहरू रित्तै फर्किने गरेका छन्।

ग्रामीण क्षेत्रमा पनि यही समस्या छ। जनशक्ति अभावमा बैंकले एउटै वडाका सामाजिक सुरक्षा भत्ता पाउनेहरूलाई हप्तौंसम्म वितरण गर्दै आएको छ। ग्रामीण क्षेत्रमा बिस्तारै भएपनि सामाजिक सुरक्षा भत्ता वितरण भइरहेको छ भने महानगरका बैंकहरूले सो प्रक्रिया शुरू गर्न सकेका छैनन्।

## महानगरद्वारा सरकारसँग १ लाख खोप माग

प्रस, वीरगंज, १९ जेठ/

वीरगंज महानगरपालिकाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग १ लाख कोभिडविरुद्धको खोप माग गरेको छ।

यसअघि मन्त्रालयसँग महानगरले खोप खरीदको लागि इजाजत माग गर्दा मन्त्रालयले खोप खरीद गर्ने जिम्मेवारी सङ्घीय सरकारको भएको भन्दै इजाजत नदिए पनि नगरप्रमुख सरावगीले आज पत्र लेख्दै १ लाख खोप माग गरेका हुन्। उनले वीरगंज महानगरपालिका देशको प्रमुख प्रवेशद्वारका साथै प्रमुख भन्सार नाका पनि भएकोले यो क्षेत्र भएर सवारी आवागमन र मानिसको आवतजावत ठूलो सङ्ख्यामा हुँदा कोरोनाको उच्च जोखिम हुने भएकोले कोभिडविरुद्ध १ लाख खोप उपलब्ध गराउन आग्रह गरेका हुन्।

उनले वीरगंज-पथलैया औद्योगिक कोरिडोरमा ११५ वटा उद्योग प्रतिष्ठान रहेका र त्यहाँ कार्यरत मजदूरहरूलाई समेत खोप दिनुपर्ने भएकोले महानगरपालिकालाई १ लाख खोप उपलब्ध गराउन आग्रह गरेका हुन्। उनले सरकारबाट उपलब्ध हुने खोप शिक्षक, कर्मचारी, विद्यार्थी, बैंककर्मी, मजदूरलगायतलाई उपलब्ध गराउने बताए।

## अक्सिजन कन्सेन्ट्रेटर प्रदान

प्रस, वीरगंज, १९ जेठ/

रोटरी क्लब अफ वीरगंजले गौर




तस्वीरः प्रतीक

अस्पताललाई अक्सिजन कन्सेन्ट्रेटर उपलब्ध गराएको छ। अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा कृष्ण साहले कोरोना सङ्क्रमणमा रोटरी क्लब अफ वीरगंजले अक्सिजन कन्सेन्ट्रेटर सहयोग गरेकोमा आभार व्यक्त गरे।

## विचारसार एवं सूक्तिहरू

**वाणी र विचार व्यक्तिको आफ्नो उत्पादन हो। यसलाई जति गुणस्तरीय बनाउँछौं, मूल्य पनि त्यति नै बढी पाउँछौं।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# दातालाई पनि दिने दाताहरू

**एउटा पौराणिक आख्यान छ, लक्ष्मी प्रह्लादपुत्र विरोचनमाथि प्रसन्न थिइन्। विरोचन गरीब–दीनदु:खीहरूलाई राज्यकोष नै रित्तिने गरी यथेष्ट दान दिन्थे। तर उनीसँग सधैं यसैगरी दान दिइरहने क्षमता भने घट्दैनथ्यो। एक दिन भगवान् विष्णुले लक्ष्मीलाई सोधे–यसरी किन धन दिइरहेकी छ्यौं ? लक्ष्मीले भनिन्–जसले दान दिन्छ, उसको कोष म कहिल्यै रित्तिन दिन्नँ। यो पौराणिक कथा हो। भगवदभक्तहरू मान्छन्, अरू पत्याउँदैनन्। तर यो कथाले दानशीलताको महत्त्वलाई दर्शाउँछ। आज कोरोनाको महामारी फैलिएको एक वर्ष भइसक्यो। बीचको समय सङ्क्रमण मत्थर हुँदाबाहेक, गरीब, अलपत्र परेका मानवको खाद्य समस्या समाधान गर्न वीरगंजमा थुप्रै संस्था जुर्मुराए। उनीहरूले निरन्तर खाद्यान्न र खाद्यपदार्थ आपूर्ति गरे र गरिरहेका छन्। आहारिसेहरू प्रश्न गर्छन्, कहाँबाट ल्याएर यतिका सहयोग गरिरहेका छन् ? पक्कै गलत कामबाट कमाएको पैसा होला। हृदयहीनले लक्ष्मीको करामात बुझ्न सक्दैन। तर ती संस्थाहरूलाई लक्ष्मीरूप बनेर महानगरपालिकाले बेलाबखत सहयोग गरिरहेको छ भने महानगरपालिकालाई पनि सहयोग गर्ने लक्ष्मीपुत्रहरूले महानगरपालिकालाई सहयोग गरिरहेका छन्।**

**दानशीलताको थुप्रै कथा हाम्रा धार्मिक ग्रन्थहरूमा भरिएका छन्। ग्रन्थहरूमा दानशीलताको महत्त्व बुझाउन अतिक्रम गरिएको हुन सक्छ, जसको तात्पर्य दिनुको सार्थकता बुझाउनु मात्र हो। भनिन्छ दिएर घट्दैन। जुन कुवाँबाट जति पानी झिकिन्छ, त्यसको पानी त्यति नै सफा, शुद्ध र पेय हुन्छ। पानी नै नझिकिने कुवाँको पानी पेय हुँदैन। त्यसले विकार मात्र पैदा गर्छ। व्यक्ति वा संस्थाद्वारा यस्तो सङ्कटको बेला सहयोग गर्नु सांस्कृतिक पक्ष हो, यसमा अपनत्व हुन्छ। प्राविधिक सहयोग सभ्यताको द्योतक हुन्छ, यसमा आडम्बर हुन्छ, स्वार्थपूर्तिको भावना अन्तर्निहित हुन्छ। वीरगंजमा यसरी सङ्कटको बेला सहयोग पुर्‍याउने जति पनि संस्थाहरू छन् तिनको कस्तै पनि निहितार्थ छैन। तिनले नामको प्रचार पनि चाहेका छैनन्। थाहा पाउनेले आभारस्वरूप तिनको नामको प्रचार गरिदिएको मात्र हो। कोरोनाले चेन बनाउँछ, अर्थात् एउटा कोरोना सङ्क्रमित व्यक्ति अर्को सद्दे व्यक्तिको सम्पर्कमा आउनासाथ अर्कोलाई पनि सङ्क्रमण सर्छ। यसको उपचार चेन तोड्नु हो। व्यक्ति–व्यक्तिबीच घर्षणात्मक सम्पर्क हुन दिइएन भने कोरोना सर्दैन। एकजनालाई लागेर समाप्त हुन्छ।**

**कोरोना रोग हो। यसले शृङ्खला बनाउन खोज्छ। मानिस–मानिसबीच सम्पर्क भइरहोस् भन्ने चाहन्छ। मानिसमा त रोगको विपरीत गुणधर्म हुन्छ। मानव शृङ्खला बन्न नदिन सरकारले लकडाउन–निषेधाज्ञा जारी गर्छ, तर यसको परिणामबारे सोच्दैन। धेरै मानिस छन्, जो दिनभरि काम गरेपछि परिवारको हातमुख जोर्ने सामल पाउँछन्। तर सङ्क्रमणको शृङ्खला तोड्ने क्रममा उनीहरू काम गर्न पाउँदैनन्। काम नपाएपछि माम पाउने कुरै भएन। यहीं यी मनकारी संस्थाहरूको महत्त्व उजागर हुन्छ। मानिसले पनि सहयोगको शृङ्खला बनाउनुपर्छ। यी संस्थाहरूलाई महानगरपालिकाले सहयोग गर्छ, महानगरपालिकालाई अन्यले सहयोग गर्छन्। यस शृङ्खलाले मानिस भोको बस्नुपर्दैन। भोको बस्न नपरेपछि उसले कामको खोजीमा भीड लगाउनुपर्दैन। यसरी एकले अर्कोलाई नथेग्ने हो भने भोको मानिस कस्तै पनि निषेधाज्ञा उल्लङ्खन गर्न तत्पर हुन्छ, जसको मूल्य समाजले ज्यानको क्षतिको रूपमा चुकाउनुपर्छ।**

# मधेसको राजनीति : आशा बढी कि निराशा ?

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**पार्टी दुई चिरामा विभाजन हुन थालेपछि अब फेरि मधेसको राजनीतिमा कतै जातीय गन्धले प्राथमिकता पाउने त होइन ? यस्ता आशङ्काका प्रश्नहरू सामाजिक सञ्जालमा आउन थालेको छ। यद्यपि पार्टी विभाजनले कतिपयमा उत्साह पनि थपिएको हुनुपर्छ।**

मधेसको राजनीति, जसलाई मधेवादी राजनीति पनि भन्न सकिन्छ, उपेन्द्र यादव र महन्थ ठाकुर नै लोकप्रिय नेता हुन्। यी दुईपछि चर्चित नेता राजेन्द्र महतो हुन्। तर यी नेताहरूको वाद, सिद्धान्त, दर्शन, राजनैतिक इतिहास तथा व्यावहारिक पक्ष कसैबाट लुकेको छैन। सरकारमा जानु अघि र सरकारबाट निस्केपछि जहिले पनि उस्तै प्रतिक्रिया झन्डै दुई दशकदेखि आइरहेको छ।

मधेसको राजनीतिका अन्य दुई पाटा पनि छन् : थारू पक्ष र सिके राउत पक्ष। मधेसप्रति सर्वाधिक अनुदार अनुहारका रूपमा परिचित गराइएका केपी ओलीको सरकारमा मधेसका यी सबै पक्षसित थोरै समयमा सकारात्मक सम्बन्ध भएको इतिहास बन्न पुगेको छ। प्रधानमन्त्री ओलीसित लामो समय उपेन्द्र यादव सरकारमा सहभागी भए। अहिले राजेन्द्र महतोको नेतृत्वमा महन्थ ठाकुर सरकारमा जाने वातावरण बन्दैछ। उपेन्द्र यादव सरकारमा हुँदा ठाकुर–महतो पक्षले विरोध गरेका थिए र यादव सरकारमा रहेसम्म दुई पार्टी एक नहुने अडान थियो। यादव पक्ष सरकारबाट बाहिरिएपछि दुवै पक्षबीच रातारात एकता भएको थियो। एकताको गर्भमा ओलीको तत्कालीन पार्टी फुटाउने राजनैतिक अध्यादेश भनिएको थियो। सरकारबाट बाहिरिएपछि अत्यन्त कडा आलोचक बनेको यादव पक्ष अहिलेसम्म जस्ताको तस्तै आलोचनाको उत्कर्षमैं छ भने ठाकुर पक्ष बिस्तारै नरम हुँदै सरकारमा सहभागी हुनेसम्मको अवस्थामा आइपुगेको छ।

ठाकुर पक्षसित सरकारको वार्तामा नागरिकताको मुद्दा केही हदसम्म सम्बोधन भएको र केही सय मधेसीमाथिको मुद्दा फिर्ता लिइएको कुरालाई उपलब्धि भनिंदैछ। अहिले फेरि थारूहरूको समूहसित ओली सरकारले छ बुँदे सहमति भएको सार्वजनिक गरेको छ र जेलमा रहेका सांसद रेशम चौधरीलाई रिहा गर्नेसम्मको व्यवस्था हुनेमा थारू पक्षलाई विश्वस्त तुल्याइएको छ। यहींनेर स्मरणीय यो पनि छ कि मधेसमा पृथक धारको राजनीति गरेर चर्चामा आएका सिके राउत समूहलाई पनि ओली सरकारले वार्तामा ल्याएर सम्झौता गर्न सफल भएको थियो। मधेसको राजनीतिमा चर्चाको एक नाम हृदयेश त्रिपाठी पक्ष निरन्तर सरकारमैं रहेको छ। ओलीलाई निरन्तर साथ दिइरहेको यो पक्षप्रति सरकारमा हुने मधेसवादी पहिचानको पक्षले राम्रो भन्ने गरेको र सरकारको विरोध गर्ने पक्षले जहिले पनि विरोध गर्ने गरेको देखिएको छ।

अहिले जनता समाजवादी पार्टी (जसपा) भित्र एकले अर्कालाई निष्कासन गर्ने जुन प्रक्रिया देखिएको छ, यसले पार्टी एकीकरण प्रक्रिया पूरा नहुँदै विभाजन भएको सङ्केत गरिसकेको छ। हतारमा निर्णय गर्नेले फुर्सदमा पछुताउनु पर्छ भन्ने उखान यहाँ चरितार्थ भएको देखिन्छ। पहिले दुई पार्टीमा रहेका केही नेताहरू फेरि यताउति हुने सम्भावना छ। अहिले नै विभाजनको घोषणा भइहाल्छ कि भन्ने सम्भावनामा नेकपा एमालेलाई जसपाले जितेको छ। यो संयोग नै मान्नुपर्दछ कि जसरी एमाले एक नभएर पनि एक नाममा रहेको छ, जसपा पनि एक नभएर एकै नाममा रहेको छ। तर विभाजनको धाँजा कोरिएको महीनौं बितिसक्दा पनि एमालेको औपचारिक विभाजन हुन बाँकी छ भने जसपाले उछिन्ने तत्परता देखाइसकेको छ।

एमालेको आन्तरिक राजनीतिको बाछिटा प्रदेश सरकारसम्म परेको सबैलाई थाहा छ। यसैगरी माथिल्लो सदनको निर्वाचनमा पनि प्रत्यक्ष प्रभाव परेकै छ। राजपाको सहयोगमा लुम्बिनी प्रदेशको सरकारमा पनि प्रभाव परेकै हो। त्यहाँ पार्टीबाट निष्कासित गरिएको र पार्टीमा कायमै रहेको दुई धारका कुरा आएको हो र सर्वोच्च अदालतले एक पक्षको कारबाई स्थगित गरेको देखिएको छ। यद्यपि मुद्दाको किनारा लाग्न बाँकी छ। अब जसपाको सरकार रहेको प्रदेश २ मा पनि पार्टी विभाजनको असर नपर्ला भन्न सकिन्न। जसरी एमाले पार्टीको केन्द्रीय दलमा विभाजनको भूकम्प जाँदा प्रदेश सरकार प्रकम्पित हुन्छ, त्यसरी नै अब जसपाको केन्द्रीय राजनीतिमा आएको भूकम्पको पराकम्प प्रदेश २ सरकारमा पर्ने प्रबल सम्भावना रहेको छ।

प्रदेश २ मा मधेसवादी पहिचान भएको दलको सरकार गठन हुँदा धेरै अपेक्षा गरिएको थियो। पाँच वर्षमा मधेसवादी दलको आदर्श राज्य कस्तो होला भन्ने कुराको कम्तीमा आभास हुने विश्वास गरिएको थियो। जे जे कुरामा विभेद भयो र जे जे कुरा चाहिन्छ भन्ने लामो समयको आन्दोलनको माग रहेको थियो, ती कुराहरू अब व्यवहारमा हेर्न पाइएला भन्ने आशा पनि थियो। साथै यस प्रदेशमा मधेस र मधेसीको पक्षमा हुने कार्यलाई विश्वमा देखाएर एउटा पृथक पहिचान स्थापित हुने र मधेसको पक्षमा विश्वमा थोरै भए पनि सकारात्मक किसिमको नेपाली पहिचान स्थापित हुने आशा पनि थियो। प्रादेशिक संरचनाको पहिलो सरकार भएकोले धेरै कुरा गर्न नसके पनि नमूना कामका आधार वा संरचनाहरू तयार हुने विश्वास पक्कै थियो तर अहिलेसम्म यतिको समय बित्दा पनि दशकौंदेखि मधेस र मधेसीको पक्षमा हुनुपर्ने वा गर्नुपर्ने भनिएका कार्यहरूको क्षेत्रमा के कति काम भयो ? के आदर्श मधेसी राज्यको कुनै सङ्केत कुनै कुनामा देखियो ? यी प्रश्न वा पक्षहरू आफ्नै ठाउँमा छन्। अब आउने चुनावमा के कस्ता चुनावी मुद्दाहरू गाउँसम्म आउँछन् ? अब त्यसको प्रतीक्षा मात्र रहेको छ। तर प्रदेशको झन्डै बीचमा रहेको ठूलो वागमती नदीमा थुप्रै पानी बगिसकेको छ। जसपा जब दुई दल बन्नै लागेको छ, सरकारमा सहभागी एक पक्ष बाहिर निस्कने र सरकारमा रहेको दल तथा त्यसको गतिविधि र सरकार बाहिर गएको दल तथा त्यसको गतिविधिको शत्रुवत् आलोचना सार्वजनिक हुनेछ जसमा मधेसको पक्षमा कसले के गर्‍यो भन्ने कुरा पनि आउने छ। अहिलेसम्म एकै स्वरका यी दुई दलका नेताहरूले एकअर्कामाथि लगाउने आरोप र को कसरी मधेस विरोधी हो भन्ने कुरो बताउने छन्।

जब उपेन्द्र यादव, डा. बाबुराम भट्टराई, महन्थ ठाकुर, राजेन्द्र महतोसमेत एक भएको घोषणा भएको थियो, तब मधेसको राजनीतिमा एउटा उत्साह आएको थियो। देशका आदिवासी, जनजाति, पिछडिएको वर्ग, मधेसी, दलित तथा अन्य सीमान्तकृत वर्गको पक्षमा सकारात्मक हुने विश्वास गरिएको थियो तर अहिले फेरि विग्रह भएको छ तब त्यो आशा निराशामा बदलिएको छ। तल्लो तहसम्म पार्टी एकीकरण नहुँदै फेरि विभाजनमा पुग्नुले निराशा देखिएको छ। जब पार्टीको आन्तरिक राजनीतिमा अविश्वास बढिरहेको थियो तब विभिन्न किसिमले सामाजिक सञ्जाल तथा औपचारिक मिडियामार्फत पार्टी एकताको पक्षमा तलैदेखि आवाज उठाइएको थियो र प्रधानमन्त्री केपीशर्मा ओलीले विश्वासको मत लिने बेला जसपाले ह्वीप जारी नगरीकन प्रतिनिधिसभा सदस्यलाई नै विपक्षमा मतदान गर्न वा तटस्थ बस्न सकिने कुरो आउँदा फेरि एकताको वातावरण बन्ने विश्वास गरिएको थियो। तर प्रधानमन्त्री ओलीको सिफारिशमा प्रतिनिधिसभा विघटन हुनुभन्दा पहिले जसपाको एक पक्ष शेरबहादुर देउवातर्फ र अर्को पक्ष प्रधानमन्त्री ओलीतर्फ लागेपछि कुरा जहाँको तहीं पुगेको थियो।

पार्टी दुई चिरामा विभाजन हुन थालेपछि अब फेरि मधेसको राजनीतिमा कतै जातीय गन्धले प्राथमिकता पाउने त होइन ? यस्ता आशङ्काका प्रश्नहरू सामाजिक सञ्जालमा आउन थालेको छ। यद्यपि पार्टी विभाजनले कतिपयमा उत्साह पनि थपिएको हुनुपर्छ। तल्लो तहसम्म पार्टी एकीकरण हुँदा आफ्नो उचाइ कम हुने वा भएको अनुभव गरेकाहरूमा भने फेरि आफ्नो दलीय हैसियत विस्तार हुने आशा पलाएको पनि देखिएको छ। यस प्रकारका छुद्र आशाको प्रकाशले नै हुनुपर्छ, मधेसको राजनीतिमा निरन्तर अविश्वास मौलाउने गरेको। सर्वसाधारणमा पार्टी विभाजनले निराशा ल्याउँदा केही कार्यकर्तामा भने आशा देखिनु स्वाभाविक कि अस्वाभाविक ? जे होस्, ओली नेतृत्वको वर्तमान सरकारले मधेसको धेरै मुद्दा सम्बोधन गर्ने आशा पनि कतिपयले गरेका छन्।

# निषेधाज्ञाको मौकामा व्यापारीको रजाइँ

सर्लाही, १९ जेठ/रासस

जिल्लाका व्यापारीहरूले दैनिक उपभोग्य वस्तु तथा खाद्यान्नको मूल्य वृद्धि गराएका छन्। विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोना भाइरसको दोस्रो भेरिएन्टको सङ्क्रमण दिनानुदिन बढ्दै गएको मौका छोपी जिल्लाका व्यापारीहरूले दैनिक उपभोग्य वस्तुको मूल्य बढाएका हुन्।

जिल्ला प्रशासन कार्यालय, सर्लाहीले कोभिड–१९ को सङ्क्रमण नियन्त्रण गरी सामुदायिकस्तरमा फैलिन नदिन जिल्लाभरि निषेधाज्ञा जारी गरेसँगै जिल्लाका व्यापारीहरूले आफूखुशी खाद्यान्नसहित अन्य दैनिक उपभोग्य वस्तुमा कृत्रिम मूल्य वृद्धि गरेका हुन्। कोरोना भाइरसबाट सङ्क्रमित हुने चिन्ताले सताइरहेको बेला एकाएक सबैखाले उपभोग्य सामग्रीको बजार भाउ बढेपछि सर्वसाधारण चिन्तित बनेका छन्। दिनभरको कमाइले साँझ–बिहान हातमुख जोर्ने सर्वसाधारण कृत्रिम मूल्य वृद्धिबाट सबैभन्दा बढी मारमा परेको स्थानीय जानकार उमासिंह साहले बताए।

थोक व्यापारीहरूले नै सामानको मूल्य बढाएपछि बाध्य भएर मूल्य बढाएको साना तथा खुद्रा व्यापारीले बताएका छन्। बजारमा अहिले चामल, दाल, चना, मटर, खानेतेलदेखि प्याकिङ गरिएका खाद्य वस्तुहरूको मूल्य वृद्धि भएको छ। निषेधाज्ञा अघि थोक व्यापारीले प्रतिकार्टुन रु दुई हजार ४५० मा दिंदै आएको सनफ्लावर खानेतेल अहिले प्रतिकार्टुन रु १०० बढाएर बिक्री गर्ने गरेको लालबन्दीका एक खुद्रा व्यापारी जोगिन्द्र महतोले बताए।

जिल्लाका शहरी तथा ग्रामीण भेगका बजारमा सबैखाले सामानमा निषेधाज्ञा हुनु अघिको खुद्रा मूल्य र त्यस पछिको मूल्यमा रु १० देखि सयसम्म बढाएर बिक्री भइरहेको पाइएको छ।

ग्रामीण भेगका व्यापारीहरूले बजारमा रिचार्ज कार्डको कमी भएको भन्दै रु ५० को रिचार्ज कार्डमा रु पाँच र १०० को रिचार्ज कार्डमा रु १० थप गरेर लिने गरेको स्थानीय उपभोक्ताहरूको गुनासो छ। थोक बिक्रेताले सबैखाले वस्तुमा मूल्य बढाएका कारण सानातिना खुद्रा बिक्रेताले समेत बाध्य भएर मूल्य बढाउनुपरेको व्यवसायीहरूको भनाइ छ। निषेधाज्ञाका बेला पनि सरकारले खाद्यान्नलगायत अन्य दैनिक उपभोग्य वस्तुको आयात निर्यातमा कुनै रोक नलगाएको भए पनि ढुवानी र लोड–अनलोड गर्न मजदूरहरूको अभाव देखाएर थोक बिक्रेताले सबै वस्तुमा मूल्य बढाएको खुद्रा बिक्रेताको भनाइ छ।

यसरी अस्वाभाविकरूपमा दैनिक उपभोग्य सामग्रीको मूल्य वृद्धि भएको विषयमा जान्दाजान्दै सरोकारवाला तथा नियमनकारी निकाय अनभिज्ञ हुँदा निषेधाज्ञाले गर्दा रोजगार गुमाएका सर्वसाधारण विपन्न वर्ग महँगोमा खाद्यान्न किन्न बाध्य भएको स्थानीयवासी सुन्दरश्याम यादवले गुनासो गरे। उनका अनुसार लकडाउनसँगै खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तुको मूल्य वृद्धि भइरहँदा स्थानीय निकाय, उद्योग वाणिज्य सङ्घ र जिल्लास्तरीय बजार अनुगमन समिति मौन बसेको सर्वसाधारणको आरोप छ।

स्थानीय सरकारसँग बजार अनुगमन गर्ने, कालोबजारी तथा महँगी नियन्त्रण गर्ने, कारबाई गर्ने र सङ्कटको बेला अत्यावश्यक वस्तुको अभाव हुन नदिने जिम्मेवारी तथा अधिकार रहे पनि सो अनुसारको काम गर्न स्थानीय सरकारले तादरुकता देखाएको छैन।

शहर बजारभन्दा ग्रामीण तथा दुर्गम क्षेत्रमा खाद्यान्नलगायत सामग्रीमा मूल्य वृद्धि भइरहेको गुनासो बढेको छ। गत वर्ष पनि लकडाउनको समयमा यसैगरी मनपरी मूल्य वृद्धि भएको थियो। त्यो बेला पनि सरोकारवाला र नियमनकारी निकायले बजार अनुगमन, कारबाई तथा महँगी नियन्त्रणका लागि केही प्रयास नगरेको स्थानीय उपभोक्ताको गुनासो छ। अहिले पनि थाहा पाएर पनि थाहा नपाएकोजस्तो मौन बसेका छन्।

यस्तो सङ्कटको बेला स्वास्थ्य समस्याबाट गुज्रिरहेका आम नागरिकलाई थप सङ्कटको भुमरीमा नपार्न यतिबेला प्रभावकारी बजार अनुगमनको आवश्यकता रहेकोले जिल्लाका २० वटै स्थानीय निकायले आआफ्नो स्तरबाट कालोबजारी र अस्वाभाविक मूल्य वृद्धि रोक्न कदम चाल्न जरूरी रहेको जानकारहरूको भनाइ छ।

## दुर्व्यवहार गरेको आरोपमा पक्राउ

प्रस, वीरगंज, १९ जेठ/

जिल्ला प्रहरी कार्यालय, पर्साले स्वास्थ्यकर्मीलाई दुर्व्यवहार गरेको आरोपमा एकजनालाई पक्राउ गरेको छ।

वीरगंजमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मीहरूलाई फेसबूक र म्यासेन्जरबाट पटक–पटक अपशब्द बोलेर दुर्व्यवहार गरेको आरोपमा वीरगंज महानगरपालिका–१० घडीअर्वा बस्ने २४ वर्षीय सौरभ साहलाई पक्राउ गरी अनुसन्धान गरिरहेको पर्सा प्रहरीले जनाएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा २४ घण्टामा तीन हजार २०७ जनाको मृत्यु

नयाँ दिल्ली, १९ जेठ/सिन्हवा

भारतमा कोरोना भाइरस महामारी (कोभिड–१९) बाट सङ्क्रमितमध्ये विगत २४ घण्टामा थप तीन हजार २०७ जनाको मृत्यु भएको छ । योसहित भारतमा कोभिड–१९ सङ्क्रमितमध्ये तीन लाख ३५ हजार १०२ जनाको ज्यान गइसकेको छ ।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार विगत २४ घण्टामा एक लाख ३२ हजार ७८८ जना नयाँ सङ्क्रमित थपिएका छन् । योसहित भारतमा बुधवारसम्म कुल सङ्क्रमितको सङ्ख्या दुई करोड ८३ लाख नाघेको छ ।

तर सङ्क्रमितमध्ये दुई करोड ६१ लाख ७९ हजार निको भएका छन् । अझै १७ लाख ९३ हजार व्यक्ति सक्रिय सङ्क्रमित अवस्थामा छन् । तर यो सङ्ख्या विगत २४ घण्टामा एक लाखले कमी आएको हो ।

मन्त्रालयका अनुसार भारतमा पछिल्ला केही दिनदेखि सङ्क्रमितको सङ्ख्यामा निकै कमी आएको छ ।

भारतमा गत जनवरी १६ देखि राष्ट्रव्यापी खोप अभियान थालनी भएको थियो । हालसम्म देशभर करीब २१ करोड ८० लाख डोज खोप लगाइएको छ । तर भारतका कैयौं स्थानमा खोपको अभाव देखिएको तथा खोप केन्द्रहरूमा मानिसहरूको ठूलो भीड लागेको भारतीय सञ्चार माध्यमहरूले जनाएका छन् ।

भारतले हाल १८ वर्षभन्दा बढी उमेरका व्यक्तिलाई खोप दिने नीति लिएको छ । मन्त्रालयका अनुसार, मङ्गलवार एकै दिन भारतमा २३ लाख ९७ हजार डोज खोप दिइएको छ ।

यसैबीच भारतले कोभिड–१९ को परीक्षण सुविधालाई अझ सहजीकरण र व्यापक बनाएको छ । हालसम्म भारतमा ३५ करोड नमूना परीक्षण गरिएको छ । रासस

## भारतमा चिकित्सकलाई आक्रमण गर्ने २४ जना पक्राउ

गुवाहाटी, १९ जेठ/पिटिआई

भारतमा चिकित्सकलाई आक्रमण गर्ने २४ जनालाई प्रहरीले पक्राउ गरेको छ ।



अस्पतालमा स्वास्थ्यकर्मीलाई मुक्का र लातले कुटपिट गरेको भिडियो फुटेज । तस्वीरः एजेन्सी

आसामका मुख्यमन्त्री हिमन्त विश्वास शर्माले २४ जना आक्रमणकारीलाई पक्राउ गरिएको बुधवार जानकारी दिए ।

होजाइ जिल्लामा रहेको उडाली केयर सेन्टरमा उपचारका क्रममा कोरोना भाइरसबाट सङ्क्रमित एक बिरामीको मृत्यु भएपछि मङ्गलवार डा सेउज कुमार सेनापतिमाथि आक्रमण भएको थियो ।

चिकित्सकीय सेवा दिइरहेका चिकित्सकमाथि आक्रमण हुनु निन्दनीय भएको भन्दै सर्वत्र विरोध भएको छ ।

स्थानीय प्रहरी अधिकारीहरूले घटनालाई गम्भीरतापूर्वक लिएको र दोषीलाई कुनै पनि हालतमा उन्मुक्ति नदिइने दाबी गरेका छन् ।

"घटनामा संलग्न र दोषी ठानिएका २४ जनालाई हामीले पक्राउ गरेका छौं, थप अनुसन्धान र कारबाईको प्रक्रिया अगाडि बढिरहेको छ," मुख्यमन्त्री शर्माले सामाजिक सञ्जाल ट्वीटरमा लेखेका छन् ।

महामारीका विरुद्धमा अग्रमोर्चामा रहेर लडिरहेका चिकित्सकहरूमाथि भएको आक्रमण र व्यवहार अक्षम्य भएको प्रहरी महानिर्देशक भाष्कर ज्योति महन्तले बताए ।

उनीमाथिको आक्रमण सबै अग्रपङ्क्तिका सेवकहरूमाथिको आक्रमण भएको र त्यसले अरूलाई पनि निराश बनाउन सक्ने खतरा भएको महन्तको भनाइ थियो । रासस

## कोरोनाविरुद्ध मिलेर लड्न नाइजेरियाली राष्ट्रपतिको आह्वान

अबुजा, १९ जेठ/सिन्ह्वा

नाइजेरियाका राष्ट्रपति मोहम्मद बुहारीले कोरोना भाइरस महामारीविरुद्ध मिलेर लड्न सबैलाई आह्वान गरेका छन् ।

समसामयिक चुनौतीहरूको संयुक्तरूपमा सामना गर्न उनले अन्तर्राष्ट्रिय समुदायलाई पनि आह्वान गरेका छन् ।

"कोरोना भाइरसले संसारभरि अकल्पनीय सङ्कट ल्याएको छ, यसले ठूलो क्षति पनि पुऱ्याएको छ"–विदेशी कूटनीतिज्ञहरूसँग राष्ट्रपति कार्यालयमा आयोजित समारोहमा उनले भने ।

अहिलेको महामारी धेरै ठूलो भएकोले कुनै एउटा देश वा निकायले मात्रै व्यवस्थापन गर्न नसक्ने हुँदा अन्तर्राष्ट्रिय स्तरबाट गर्नुपर्ने उनको भनाइ छ ।

मानव तथा मानव जीवन शैलीमा कोरोना भाइरसले धावा बोलेको राष्ट्रपतिले विदेशी कूटनीतिक अधिकारीहरूलाई बताए ।

"सबैले एक अर्का देशलाई सम्मान गर्दै सहयोग र सहकार्य पनि गर्नु अति आवश्यक देखिएको छ, त्यसका लागि म सबैलाई आग्रह गर्दछु"–उनले भने ।

राष्ट्रपति बुहारीले दुई पक्षीय हित, साझा चासो र सरोकारका विषयमा सहकार्य गर्न चाहेको पनि सो अवसरमा बताएका थिए । रासस

## मूल्यवृद्धिका कारण तेल उत्पादन बढाउने ओपेकको निर्णय

फ्रान्कफर्ट, १९ जेठ/एपी

तेल उत्पादक राष्ट्रहरूको सङ्गठन (ओपेक) र यससँग आबद्ध तेल उत्पादक राष्ट्रहरूले प्रतिदिन थप २१ लाख ब्यारेल कच्चा तेल उत्पादन गर्ने योजना अघि सारेका छन् । कोरोना भाइरस महामारीको प्रभाव कम देखिन थालेका मुलुकहरूबाट तेलको माग बढेको र तेलको मूल्य बढेका कारण उत्पादन बढाउने निर्णयमा ओपेक पुगेको हो ।

ओपेकका सदस्य एवं तेल उत्पादक राष्ट्रहरूका ऊर्जामन्त्रीहरूको मङ्गलवार भएको अनलाइन बैठकमा यस्तो निर्णय गरिएको हो ।

साउदी अरेबियाका ऊर्जामन्त्री राजकुमार अब्दुलाजिज बिन सलमानले पछिल्ला दिनहरूमा तेलको बजारमा देखिएको मागका कारण तेल उत्पादन बढाउने निर्णय सही देखिएको छ भने । उनले ऊर्जाको माग र आर्थिक गतिविधि पुनरूद्धारमा अझै पनि 'क्षितिजमा कालो बादल' देखिएको बताए ।

ओपेकले मेदेखि जुलाईका तीन महीनाको अवधिमा प्रतिदिन २१ लाख ब्यारेल तेल उत्पादन गर्ने यस अघि नै जनाइसकेको थियो । अब ओपेकले जूनमा प्रतिदिन तीन लाख ५० हजार ब्यारेल तथा जुलाईमा चार लाख ४० हजार ब्यारेल थप उत्पादन गर्नेछ ।

साउदी अरेबियाले प्रतिदिन १० लाख ब्यारेल पुनः उत्पादन गर्नेतर्फ विचार गर्न थालेको छ । कोभिडका कारण विश्वभर तेलको माग घटेको भन्दै ओपेकको प्रमुख राष्ट्र साउदी अरेबिया प्रतिदिन १० लाख ब्यारेल तेल उत्पादन कटौती गर्न राजी भएको थियो ।

ओपेकको प्रमुख सदस्य राष्ट्र साउदी अरेबिया र ओपेकको सदस्य नरहेको रूसबीच तेल उत्पादनको कोटालाई लिएर केही वर्षदेखि विवाद उत्पन्न हुँदै आएको छ । हाल कोभिडको दोस्रो लहरबाट प्रभावित भारतसमेत मुलुकहरूमा तेलको खपतमा कमी आउने, विश्वव्यापी मागमा कमी आउने र तेलको मूल्यवृद्धि हुने आशङ्का छ ।

तेल उत्पादक राष्ट्रहरूले सन् २०२० मा कोभिडका कारण तेलको मूल्यलाई स्थायित्व दिन तेल उत्पादन कटौती गरेका थिए । अहिले परिस्थितिमा केही सुधार आएसँगै तेल उत्पादक राष्ट्रहरू बिस्तारै तेल उत्पादन बढाउनेतर्फ लागेका छन् ।

अहिले विश्व बजारमा तेलको मूल्यमा निकै सुधार आएको छ र मङ्गलवार मात्र दुई वर्ष यताकै सबैभन्दा बढी मूल्य कायम भएको छ । संयुक्तराज्य अमेरिका, युरोप र एशियामा वर्षको मध्यदेखि ऊर्जाको माग बढ्दैछ । हवाई उडान थपिने भएकोले पर्यटकको आवागमन बढ्ने छ जसका कारण तेलको माग थपिने ओपेकको भनाइ छ ।

मङ्गलवार अमेरिकी कच्चा तेलको मूल्य २ प्रतिशत वृद्धि भई ६७.७२ डलर प्रति ब्यारेल पुगेको थियो । ब्रेन्ट क्रूडको कारोबारमा पनि २.७ प्रतिशतले वृद्धि भई प्रतिब्यारेल ७१.१७ डलर कायम भएको थियो । ब्रेन्ट क्रूडको मूल्य विगत दुई वर्षमा यो सबैभन्दा बढी हो । अमेरिकी कच्चा तेलको मूल्य तीन वर्षयताकै सबैभन्दा बढी हो ।

बुधवार तेलको मूल्यमा सामान्य वृद्धि भएको छ । अमेरिकी बेन्चमार्क १६ सेन्टले वृद्धि भएर प्रतिब्यारेल ६७.८८ डलर कायम भएको छ भने ब्रेन्ट क्रूडको मूल्य १८ सेन्टले वृद्धि भई प्रतिब्यारेल ७०.४३ डलर पुगेको छ ।

तेलको मूल्यमा यस वर्षको शुरूदेखि हालसम्म ३० प्रतिशतभन्दा बढीले वृद्धि भइसकेको छ । रासस

## जेठ २५ गतेदेखि ज्येष्ठ नागरिकलाई खोप

काठमाडौं, १९ जेठ/रासस

सरकारले यही जेठ २५ गतेदेखि कोभिड–१९ विरुद्ध खोप अभियान सञ्चालन गर्ने भएको छ । चीनबाट खोप प्राप्त भएपछि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले ६० देखि ६४ वर्ष उमेर समूहका ज्येष्ठ नागरिकलाई खोप लगाउने तयारी गरेको मन्त्रालयका प्रवक्ता डा कृष्णप्रसाद पौडेलले जानकारी दिए । उनका अनुसार मङ्गलवार मात्र चीनबाट नौ लाख हजार मात्रा 'भेरोसेल' खोप आएको र आज थप एक लाख मात्रा तिब्बत सरकारबाट आउन थालेको छ ।

राष्ट्रपति विद्यादेवी भण्डारी र चीनका राष्ट्रपति सी जिनपिङबीच केही दिनअघि टेलिफोन वार्ता भएपछि चीन सरकारले अनुदानमा खोप उपलब्ध गराएको हो । प्रवक्ता डा पौडेलले खोपको दोस्रो मात्रा सुनिश्चित गरेर मात्र ज्येष्ठ नागरिकलाई खोप प्रदान गरिने बताए । उनले ज्येष्ठ नागरिक र चीनसँग सीमा जोडिएका १८ वर्षभन्दा माथिका लागि पनि खोप दिइने जानकारी दिए । ६० देखि ६४ उमेर समूहको खोप लगाउने करीब आठ लाख जनसङ्ख्या रहेको छ ।

मन्त्रालयले खोप लगाउँदा नागरिकता वा उमेर खुल्ने कुनै पनि सरकारी कागजात वा वडा कार्यालयले दिएको सिफारिश लिएर जान अनुरोध गरेको छ । नेपालमा खोपको पहिलो मात्रा २१ लाख १३ हजार ८० र दोस्रो मात्रा सात लाख १४ हजार १६३ लगाइएको छ । अहिलेसम्म नेपालमा भारत सरकारको अनुदानमा कोभिसिल्ड १० लाख मात्रा र खरीद गरेर १० लाख मात्रा, चीनबाट यसअघि आठ लाख र कोभ्याक्स सुविधामार्फत तीन लाख ४८ हजार खोप आएको छ ।

### दैनिक रु १० करोड.....

क्षेत्रमा पाँच लाख कृषक परिवारले प्रत्यक्ष रोजगार पाएका छन् भने ३० हजार जनाले उद्योग तहमा रोजगार पाएका छन् । अप्रत्यक्षरूपमा अरू लाखौंले रोजगार पाएका छन् ।

समग्र कृषि क्षेत्रमा रु ३० अर्ब निजी क्षेत्रको मात्र लगानी छ । दैनिक करीब रु छ करोड शहरबाट गाउँसम्म नगद प्रवाह भइरहेको छ । सरकारले लगानी गर्न नसक्नेलाई अनुदान होइन, निर्ब्याजी ऋण उपलब्ध गराउने, उन्नत जातका गाईभैंसीको स्रोत केन्द्र स्थापना गर्ने, गुणस्तरीय दूध उत्पादनका लागि ठाउँठाउँमा समूह बनाई चिस्यान केन्द्र स्थापना गर्ने, गोठदेखि ओंठसम्म गुणस्तर कायम राख्नका लागि विशेष कार्यक्रम ल्याउने, उत्पादन लागत घटाउने खालका कार्यक्रम ल्याउने, गाउँमा भएका बाँझा बारीमा घाँस लगाउने कार्यक्रम ल्याउने, उत्पादित वस्तुको बजार सुनिश्चित गर्ने, बीमा कार्यक्रम प्रभावकारी बनाउने, समग्र कृषि पेशालाई सम्मानित पेशाका रूपमा स्थापित गराउने खालका कार्यक्रम ल्याउन सकेमात्र समग्र कृषि पेशा उकालो लागी विदेशी कम्पनीसँग प्रतिस्पर्धा गर्न सक्छन् डेरी एसोसिएशनको निष्कर्ष छ ।

डेरी एसोसिएशनका अनुसार नेपालमा वार्षिक रु तीन अर्बभन्दा बढी डेरी सेक्टरले राजस्व बुझाउने गर्दछ । देशभर जम्मा दूध उत्पादन ६२ लाख लिटर छ । यद्यपि ५० प्रतिशत अझै पनि व्यवस्थितरूपमा बजारीकरण हुन सकेको छैन । औपचारिक क्षेत्रमा १७ प्रतिशत बजार रहेको छ भने अनौपचारिक क्षेत्रमा ३३ प्रतिशत छ । पचास प्रतिशत कृषक स्वयंले उपभोग गर्ने गरेको पाइन्छ ।

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | धनलाभ | वृष | पदोन्नति |
| मिथुन | ईश्वरभक्ति | कर्कट | व्यापारवृद्धि |
| सिंह | अलमल | कन्या | कार्यनाश |
| तुला | वाहनकष्ट | वृश्चिक | राज्यभय |
| धनु | धनखति | मकर | अलमल |
| कुम्भ | अन्नलाभ | मीन | व्यर्थभ्रमण |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# फरक समाचार

## कोभिडले गरीब बनाउँदै

कोरोनाले देशको अर्थतन्त्र तहसनहस गरेको छ भने गरीबलाई झन् भीषण गरीबीमा धकेलेको छ । भारतको एसबिआइ रिपोर्ट अनुसार भारतीयले यस वर्ष अस्पताल खर्चबापत भारु ६६ हजार करोड अतिरिक्त खर्च गरेका छन् । कोरोनाको कहरले देशलाई तबाह गरेको छ, धेरै जनाले परिवारको सदस्य गुमाएका छन्, जुन परिवारमा यस बिमारीले ताण्डव मचाएको छ, उनीहरूलाई निकै आर्थिक समस्या भएको छ ।




घर किन्न, शिक्षामा खर्च तथा घुमफिर गर्न जसले रकम जोगाएका थिए, उनीहरू अक्सिजन किन्न, अस्पताल र औषधिमा खर्च गरेका छन् । लाखौं परिवारले ऋण लिएका छन् । टिओआईमा प्रकाशित समाचार अनुसार २४ वर्षीय शक्ति प्रशान्तसँग एक वर्ष पहिले सबैथोक थियो तर आज उनीसँग केही छैन । प्रशान्त मास्टर डिग्रीको लागि क्यानडा जान चाहन्थे तर महामारीको प्रकोपमा पिता सङ्क्रमित भए र अस्पतालको चक्कर लगाउँदा लगाउँदै उनको भारु १२ लाख खर्च भयो । अब उनीसँग एक रुपियाँ पनि छैन, उनको सपना धूमिल भएको छ ।

प्रशान्त यस घटनाको एउटा पात्र मात्र हुन् । उनीजस्ता सयौं युवाले जसले आफ्नो मेहनतको कमाइ अस्पतालको चक्कर लगाएर स्वाहा गरेका छन् । जिन्दगी बचाउनु नै अहिले मानिसको पहिलो प्राथमिकता भएको छ । अस्पतालमा सबैभन्दा बढी खर्च भइरहेको छ । एसबिआईको रिपोर्टले भनेको छ भारतमा यस वर्ष ६६ हजार करोड अस्पतालमा अतिरिक्त खर्च गरिएको छ । कोभिडभन्दा पहिले कहिल्यै पनि स्वास्थ्य उपचारको लागि भारतले यति धेरै रकम खर्च गरेको थिएन ।

भारतको सरकारी तथ्याङ्क अनुसार यदि कुनै व्यक्तिले स्वास्थ्य उपचारमा सय रुपियाँ खर्च गर्छ भने त्यसमध्ये ६५ रुपियाँ उसले आफूसँग रहेको अर्थात् आफ्नो गोजीबाट खर्च गरेको छ । चीनमा यो आँकडा ३५ प्रतिशत छ जबकि थाइल्यान्डमा आफ्नोतर्फबाट मानिसले सयमध्ये रु १० मात्र खर्च गरेका छन् ।

एसबिआईको रिपोर्ट अनुसार यो अनावश्यक खर्च धेरै कारणले गर्नुपरिरहेको छ । एक त अचानक महामारीमा अस्पताल जानुपरिरहेको छ, अर्कोतर्फ मेडिकल सेवा र औषधिको दरमा अचानक वृद्धि भएको छ । गरीबदेखि धनीसम्म हरेक व्यक्तिको आम्दानी कैयौं गुना कमी भएको छ । सेन्टर फर मनिटरिङ इन्डियन इकोनोमीको एउटा रिपोर्ट अनुसार भारतका ९७ प्रतिशत व्यक्तिको आम्दानी कम भएको छ ।

## गोल्डेन मिल्कको फाइदा

आज विश्व दूध दिवस हो । धेरैजसोले दूध नै क्याल्सियमको राम्रो विकल्प भन्छन् तर यो भ्रम हो । नेशनल इन्स्टिच्युट अफ न्युट्रिशन अनुसार सय एमएल दूधमा १२५ मिलिग्राम क्याल्सियम हुन्छ, जबकि सय ग्राम रागी (कोदो)मा ३४४ मिलिग्राम क्याल्सियम हुन्छ । विज्ञ अनुसार शरीरमा क्याल्सियम पचाउनका लागि भिटामिन डी पनि पर्याप्त मात्रामा हुनुपर्छ ।




भनिन्छ, दूध उमालेपछि त्यसको पोषक तत्त्व कम हुन्छ तर यो भ्रम हो । दूधलाई बिग्रिनबाट जोगाउन उमाल्नुपर्छ, यसो गर्दा दूधलाई नोक्सान पुऱ्याउने ब्याक्टेरिया नष्ट हुन्छ । दूधलाई उमाल्दा यसको पोषक तत्त्वमा असर पर्दैन । आहार विशेषज्ञका अनुसार दूधलाई धेरैपटक उमाले पनि यसको पोषक तत्त्व नष्ट हुँदैन । आहार विशेषज्ञका अनुसार बिहान दूध पिउन सकिन्छ तर खाली पेट सेवन गर्नुहुँदैन । यस्तो गर्दा पाचनशक्ति बिग्रिन सक्छ, ग्यास बन्छ । आयुर्वेद अनुसार यदि तपाईलाई वात र कफ दोष छ भने बिहान खाली पेट दूध सेवन गर्नुहुँदैन । जसलाई प्रायः खोकीको समस्या रहन्छ, उसले पनि बिहान खाली पेट दूध सेवन गर्नुहुँदैन ।

**सुनौलो दूधको फाइदा**ः कोरोनाकालमा गोल्डेन मिल्क (सुनौलो दूध) पिउनेहरूको सङ्ख्या निकै बढेको छ । भारतको आयुष मन्त्रालयका अनुसार रोगसँग लड्ने क्षमता बढाउनको लागि बेसार मिसाएको दूध पिउनुपर्छ । धेरैजसोले बेसार–दूधले इम्युनिटी बढाउँछ भनेर पिउँछन् । तर गोल्डेन मिल्क पिउँदा शरीरको दुखाइ कम, निद्राको समस्या तथा शरीरमा बढ्दो उमेरको असर कम गर्न सकिन्छ ।

**कसरी गोल्डेन मिल्क बनाउने**ः एक कप दूधमा एक चम्चा बेसार, एउटा सानो अदुवाको टुक्रा, आधा चम्चा दालचिनीको धूलो र एक चिम्टी मरिचको पाउडर मिलाएर दूधलाई कम आँचमा १० मिनेटसम्म उमाल्नुपर्छ । मीठोको लागि चिनीभन्दा मह मिसाउनु राम्रो हुन्छ ।

**सुन्निने र जोर्नीको दुखाइ घटाउँछ**ः एउटा अनुसन्धान अनुसार बेसार–दूधमा एन्टिअक्सिडेन्ट र एन्टिइन्फ्लेमेट्री हुन्छ, जसले शरीर सुन्निएको घटाउँछ । जोर्नीको दुखाइ र गठियामा पनि यसले राहत दिन्छ । प्रतिदिन एक गिलास गोल्डेन मिल्क सेवन गर्दा बढ्दो उमेरसँगै हुने समस्या ओस्टियोआर्थराइटिसमा फाइदा पुग्छ ।

**हृदयरोगको खतरा १४ प्रतिशत कम गर्छ**ः इङ्गल्यान्डको रिडिङ युनिभर्सिटीका शोधकर्ताका अनुसार मुटुको रोग र स्ट्रोकको खतरालाई १४ प्रतिशत घटाउन चाहनुहुन्छ भने प्रतिदिन एक गिलास दूध पिउनुपर्छ । यसले कोलेस्ट्रोलको स्तर कम गर्छ ।

**ब्लड सुगरको स्तर घटाउँछ**ः जसको ब्लड सुगर स्तर बढेको छ, उसले पनि गोल्डेन मिल्क सेवन गर्न सक्छ । मधुमेहका रोगीको लागि बेसार, अदुवा र दालचिनी हालेको दूधले निकै फाइदा पुऱ्याउँछ । ब्रिटेनमा गरिएको एक अनुसन्धान अनुसार दूध पिउँदा ब्लड सुगरको लेबल बढ्दैन । बेसार–दूध पिउँदा क्यान्सरको खतरा कम हुन्छ । बेसारमा हुने करक्युमिन तत्त्वले क्यान्सर फैलाउने कोशिकालाई नष्ट गर्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

